आज मिति २०८२।०७।३० गते खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँकार्यापलिकाको १०६ औं बैठक देहाय अनुसारका विषयमा छलफल गरी निर्णय गरियो ।

| | | |
|---|---|---|
| अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| कार्यपालिका सदस्य | आङ फुर्वा शेर्पा | |
| कार्यपालिका सदस्य | नुरु जाङ्बु शेर्पा | |
| कार्यपालिका सदस्य | लक्ष्मण अधिकारी | |
| कार्यपालिका सदस्य | पासाङ ग्याल्जेन शेर्पा | |
| कार्यपालिका सदस्य | उमा विश्वकर्मा | |
| कार्यपालिका सदस्य | आङ माया शेर्पा | |
| कार्यपालिका सदस्य | डिमा याङ्जिन शेर्पा | |
| कार्यपालिका सदस्य | पासाङ डोमा शेर्पा | |
| कार्यपालिका सदस्य | ल्हाक्पा गेल्जेन शेर्पा | |
| कार्यपालिका सदस्य | ल्हाक्पा छिरी शेर्पा | |
| सदस्य सचिव | नवराज गौतम | |
| | | |

## कार्यपालिका बैठक निर्णयहरू

### निर्णय नं. १

चालू आ. व. को योजना तथा कार्यक्रम कार्यान्वयनको पहिलो चौमासिक समीक्षा देहाय अनुसार रहेको छ।

| वडाको विवरण | सम्झौता भई सकको | सम्झौता हुन बाँकी | लागत अनुमान तयार भईसकेको | भुक्तानी भई सकेको |
|---|---|---|---|---|
| वडा नं. १ | १ | २२ | ७ | |
| वडा नं. २ | ८ | २५ | ४ | |
| वडा नं. ३ | ५ | २० | ७ | २ |
| वडा नं. ४ | ७ | १२ | ११ | १ |
| वडा नं. ५ | ११ | २६ | | १ |

### निर्णय नं. २

शिक्षा सेवा नियामावली, २०५९ को नियम ९३ तथा खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा नियमावली, २०८२ को नियम ५१ मा भएको व्यवस्था अनुसार खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५ थामेमा रहेको थामे आधारभूत विद्यालयमा विद्यालयको सिफारिस अनुसार प्राथमिक तह तृतीय श्रेणीका शिक्षक श्री लाक्पा छिरीङ शेर्पालाई उक्त विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ति गर्ने।

### निर्णय नं. ३

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५ नाम्चेमा रहेको नाम्चे स्वास्थ्य चौकीमा कार्यरत अ न मी कामी डोमा शेर्पाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२४ मा भएको व्यवस्था अनुसार असाधारण बिदा माग गर्नु भएकोमा मिति २०८१ असोज देखि एक वर्षको लागि असाधारण बिदा स्वीकृत गरिएकोमा बिदा सकिए पश्चात १ दिन मात्र कार्यालयमा उपस्थित भई पुन असाधारण बिदा माग गरेको अवस्थामा निजसँग स्पष्टीकरण माग गर्ने।

### निर्णय नं. ४

गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयको प्रभावकारी अनुगमन तथा नियमन गर्नका लागि तयार गरिएको विद्यालय अनुगमन कार्यविधि, २०८२ स्वीकृत गर्ने

***निर्णय नं. ५***

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ मा सञ्चालित श्री खरिखोला माध्यमिक विद्यालयका शिक्षक श्री तिलक बहादुर राना मगरले मिति २०८२।०८।२८ गते देखि २०८२।१२।२४ गते सम्मको लागि बिरामी बिदा स्वीकृतिका लागि नवेदन पेस गर्नु भएकोमा मात्र बिदा स्वीकृत गर्न नसकिने भएकाले विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको सिफारिस पत्र तथा नियमानुसार बरबुझारथ गरेको प्रमाण पेस गर्नका लागि पत्राचार गर्ने।

***निर्णय नं. ६***

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ ठेगाना भएका मागेश्वर राई प्रोपाइटर भएको सलोमन कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि ले पेस गरेको कागजातका आधारमा निजलाई संस्था दर्ता गर्ने।

***निर्णय नं. ७***

खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयमा दर्ता भई विगत दुई आर्थिक वर्ष देखि हाल सम्म नवीकरण गर्न नआएका "घ" वर्गका निर्माण व्यवसायीहरूको इजाजतपत्र खारेजी गर्नका लागि सूचना प्रकाशन गर्ने।

***निर्णय नं. ८***

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५ थामे स्थायी ठेगाना भएका विपन्न नागरिक आङ फुर्वा शेर्पाको काजक्रियाको लागि गाउँपालिकाको चालु आ.व. मा स्वीकृत कार्यक्रम "विपन्न नागरिक सहयोग कार्यक्रम" शिर्षकबाट रू ९५ हजार भुक्तानी गर्ने।

***निर्णय नं. ९***

खुम्बु पासाङल्हामु गाउँपालिकाको केन्द्र चौंरीखर्क सम्म सडकको ट्रयाक ओपन गर्ने कार्यको लागि योजना सम्झौता भई सकेको हुँदा गाउँपालिकाको केन्द्र नजिक चौंरीखर्क र क्योङ्गा (दुङ्दे) क्षेत्र तथा वडा नं. २ मा बसपार्क निर्माण गर्नका लागि लुक्ला राई टोल आसपासमा निःशुल्क जग्गा प्राप्तिका लागि सूचना प्रकाशन गर्ने र उक्त कार्यका लागि सहजिकरण गर्न देहाय अनुसारको समिति गठन गर्ने।

देहायः

| | | |
|---|---|---|
| १ | श्री आङ फुर्वा शेर्पा | संयोजक |
| २ | श्री नुरु जाङ्बु शेर्पा | सदस्य |
| ३ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | सदस्य |
| ४ | श्री दिप कुमार बस्नेत | सदस्य |
| ५ | श्री शान्ता थापा क्षेत्री | सदस्य |

निर्णय नं. १०

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालू आ. व. मा स्वीकृत कार्यक्रम "सबै वडामा रेडियो सेट व्यवस्थापन" योजना कार्यान्वयनका लागि सम्भाव्यता अध्ययन गर्ने र उक्त कार्य पश्चात खरिद प्रक्रिया अघि बढाउने।

निर्णय नं. ११

लघु उद्यम कार्यक्रम अन्तर्गत चालू आ. व. को कार्यक्रम वडा नं. २ अन्तर्गत वडा नं. २ सुर्के र पुनर्ताजगी तालिममा वडा नं. २ मुसेमा सञ्चालन गर्ने।

निर्णय नं. १२

खुम्बु पासाङल्हामु गाउँपालिका केन्द्र जोड्ने डिम दोर्जी शेर्पा पर्यटन सडक खण्ड अन्तर्गत सुर्के नासागारा -मुसे-चौरीखर्क (गाउँपालिका केन्द्र) खण्डको ट्याक ओपन गर्ने कार्यका लागि ठेक्का नं. 01/NCB/WORKS/ROAD/KPLRM-2082/83 को बोलपत्र बिधिवाट छनौट भएको श्री ब्रदर्श /रमन जे. भि.चाबहिल, काठमाण्डौ सँग मिति २०८२/०६/३१ मा सम्झौता भई निर्माण कार्य शुरु गरिसकेको छ। उक्त सडक खण्डको Detail Project Report अनुसार कडा चट्टान रहेको खण्डमा विष्फोटक पदार्थ प्रयोग गर्नुपर्ने भएकोले आवश्यक विष्पोटक पदार्थ (Emulsion Explosive ९४२० के. जि., Non-Electric Detonators ३७६७८ पीस) श्री ब्रदर्स/रमन जे.भि. चावहिल, काठमाडौले Synex Power Pvt. Ltd. मार्फत उपलब्ध भएसम्म नेपाली सेना र नभएको अवस्थामा भारतीय उत्पादक कम्पनी SBL Energy Ltd. Nagpur, Maharastra, India वाट समेत खरिद तथा आयात गर्ने सम्झौता सहित कागजात पेश गरेको हुँदा जिल्ला सुरक्षा समितिबाट निर्णय गरी नेपाल सरकार गृह मन्त्रालयमा सिफारिस हुन जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुलाई सिफारिस गर्ने र श्री सिल्क प्रा लि प्रवर्द्धक रहेको यसै पालिका भित्र निर्माणाधिन लुजा खोला जलविधुत आयोजना (२४.८८ मे वा) (प्रथम पक्ष) र निर्माण व्यावसायी श्री ब्रदर्श/रमन-जे.भि.(दोश्रो पक्ष) बीच विष्फोटक पदार्थ सापटी लिन/दिन दुबै पक्ष सहमत भएको भनि यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गरेको हुनाले उक्त आयोजनाका लागि आवश्यक विष्पोटक पदार्थ सापटि लिने/दिने अनुमतीको लागि जिल्ला सुरक्षा समितिबाट निर्णय गरी नेपाल सरकार गृह मन्त्रालयमा सिफारिस गर्न जिल्ला प्रशासन कार्यालय,सोलुखुम्बुलाई सिफारिस गर्ने निर्णय गरियो। साथै उक्त विष्पोटक पदार्थको खरिद/आयात/सापटीको लागि आवश्यक सहजिकरण एवं सिफारिसको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत अनुरोध गर्ने निर्णय गरियो।

***निर्णय नं. १३***

खुम्बु पासाङल्हामु गाउँपालिकाले पर्यटन प्रवर्धन थप व्यवस्थीत, प्रभावकारी र चुस्त दुरुस्त बनाउनका लागि ट्रेक कार्ड सिस्टम आ. व. २०८१/०८२ बाट लागु गरेको थियो । जसबाट पर्यटकहरुको कुल संख्या, आधारभूत पहिचान, आगमन मिति, वहिर्गमन मिति आदिको रिपोर्ट अनलाइन हेर्न सकिन्थ्यो । तर यो सिस्टममा राजस्व उठाउन र व्यवस्थापन गर्ने नमिल्ने हुँदा थप चुनौती बढेको कारणले उक्त सिस्टम बाट  खुम्बु पासाङल्हामु गाउँपालिकाको नियमित राजस्व उठाउन र व्यवस्थापन गर्ने कार्यका लागि हाल सञ्चालित ट्रेक कार्ड सफ्टवेर Upgrade गरी पर्यटकहरूका लागि परमिट शुल्क भुक्तानीमा सहज बनाउन, र हालको भुक्तानी प्रक्रियालाई अन्तर्राष्ट्रिय मापदण्डको बनाउन तथा पर्यटकलाई २४ सै घण्टा अनलाइन भुक्तानी सुविधा प्रदान गर्न पेमेन्ट गेटवे इन्टीग्रेशन र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्न ***'Integration of Payment Gateways and Revenue Management System in Visitor Registration System(Trek Card App)'*** परामर्श सेवा खरिद प्राविधिकले तयार गरेको लागत अनुमान अनुसार आ. व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम "ट्रेक कार्ड खरिद तथा व्यवस्थापन" शीर्षक बाट गर्ने ।

***निर्णय नं. १४***

यही मिति २०८२/०६/१८ गते परेको अत्यधिक हिमपातका कारण यस खुम्बु पासाङल्हामु गाउँपालिकाको वडा नं. ४ को गोक्यो र फाङ्गामा निम्न उल्लेखित व्यक्तिहरुको घरमा क्षति पुगेको हुदाँ सम्बन्धित व्यक्तिहरुको नामावली वडा कार्यालयबाट समेत सिफारिस भै आएकोले उपलब्ध आवश्यक कागजात तथा प्रमाण र मिति २०८३/०६/२० गते बसेको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयको आधारमा तपसिल बमोजिमको राहत उपलब्ध गराउने ।

<u>तपसिल</u>

| क्र. सं | व्यक्तिको नाम | राहत रकम |
|---|---|---|
| १ | ङवाङ छिरी शेर्पा | ३,००,००० |
| २ | दा छिरी शेर्पा | ५०,००० |

***निर्णय नं. १५***

खुम्बु पासाङल्हामु गाउँपलिकाको चौरी प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८० संसोधन गर्ने ।

***निर्णय नं. १६***

खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत खरिखोला सामुदायिक अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई आठौं तहको आधारभूत तलव समेत रू. १३००००।०० (एक लाख तीस हजार) र गोरक्सेप हाई अल्टिच्युड क्लिनिकमा कार्यरत रहेको अवस्थामा मेडिकल अधिकृतलाई आठौं तहको आधारभूत तलव समेत मासिक रू १,५०,०००।०० उपलब्ध गराउने तथा गोरक्सेप हाई अल्टिच्युड क्लिनिक बाहेकका खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गतका अस्पताल र स्वास्थ्य चौकीमा कार्यरत रहेको अवस्थामा हाजिरीका आधारमा मेडिकल अधिकृतहरूलाई आठौं तहको आधारभूत तलव समेत मासिक रू १,३०,०००।०० भुक्तानी गर्ने।